# शिक्षा बिकास तथा समन्वय इकाई बारा र पर्सा अनुगमन प्रतिवेदन

अनुगमन कर्ताः प्रेमराज खरेल उप सचिव

**आ व २०७४।०७५ को स्वीकृत कार्यक्रम अनुसार मिति २०७५।०३।१८ देखि २०७५।०३।२३ सम्म गरिएको अनुगमन**

**कार्यक्रम कार्यान्वयन अनुगमन**

**१.पृष्टभूमि**

कार्यक्रमहरुको प्रभावकारी कार्यान्वनको लागि अनुगमनलाई एक महत्वपूर्ण साधनको रुपमा अङ्गिकार गरी कार्यक्रमको अभिन्न अङ्गको रुपमा स्थापित गरिएको छ । शिक्षा , बिज्ञानतथा प्रबिधि मन्त्रालयको अनुगमन तथा मुल्याङ्कन शाखा वाट बिगतका समय देखि नै बिभिन्न जिल्लाहरुमा तय भए बमोजिमको कार्यक्रमहरुको अनुगमन गर्ने , बिद्यालय शिक्षा परीक्षा सञ्चालन अनुगमन, शिक्षा क्षेत्रमा संलग्न गैर सरकारी सस्थाहरुको शैक्षिक बिकास सम्बन्धका सञ्चालन भएका कार्यहरुको अनुगमन , बेरुजु फर्छ्यौट अनुगमन जस्ता कार्यक्रम कार्यान्वयनमा प्रतक्ष प्रभाव पार्ने महत्वपुर्ण बिषयहरुमा नियमित रुपमा अनुगमन गर्दै आईरहेको छ । यसै अनुगमनको क्रममा अनुगमन, मुल्याङ्न तथा निरीक्षण महशाखा वाट भ्रमण आदेश स्वीकृत गराई मिति २०७५।०३।१८ देखि २०७५।०३।२३ शिक्षा बिकास तथा समन्वय ईकाइ बारा र शिक्षा बिकास तथा समन्वय ईकाइ पर्साको अनुगमन गरिएको थियो । अनुगमनको क्रममा उपर्युक्त कार्यालयहरुको स्थलगत अनुगमनको अतिरिक्त जिल्ला शिक्षा कार्यालयलाई ईकाइमा रुपान्तरण पछि बिगतका समय देखिको जिल्लाको शैक्षिक अभिलेखको सुरक्षा तथा रहेको बेरुजु फर्छ्यौट सम्बन्धी कार्यहरुलाई कसरी नियमितता दिन सकिने सन्दर्भमा समेत बिचार बिमर्श भएको थियो । यसको अतिरिक्त शिक्षक दरबन्दी मिलान सम्बन्धमा रहेको समस्याहरु र समस्या समाधानका उपायहरु बारे आपसी छलफल भएको थियो ।

**२. अनुगमन टोली**

अनुगमन कार्यको लागि शिक्षा , बिज्ञानतथा प्रबिधि मन्त्रालयको बर्तमान अवस्थामा कायम रहेको कार्यक्रम अनुगमन समन्वय शाखाका शाखा प्रमुख उप सचिव प्रेमराज खरेललाई खटाईएको थियो ।

**३. अनुगमनका उद्येश्यहरु**

कार्यक्रम अनुगमनको मुख्य प्रयोजन राखी भ्रमण आदेश स्वीकृत गराएको यस अनुगमनका मुख्य उद्येश्यहरु निम्नानुसार रहेका छन ।

- तोकिएका शिक्षा बिकास तथा समन्वय ईकाइहरुमा चालु आर्थिक बर्ष २०७४ /०७५ मा तोकिएका कार्यक्रमहरुको कार्यान्वयन अवस्थाको यचार्थता अबगत गरी प्रतिवेदन दिनु ।

- तोकिएका जिल्लाहरुमा शिक्षा क्षेत्रमा संलग्न गैर सरकारी संस्थाहरुको कार्यक्रमहरु संचालन समन्वय सम्बन्धमा गरेका गतिबिधिहरुको यथार्तता पहिचान गर्नु ।
- तोकिएका शिक्षा बिकास तथा समन्वय इकाईहरुमा रहेको बेरुजुको अबस्था पहिचान र बेरुनु घटाउन अपनाउन सकिने उपायहरुको छलफलको माध्यमवाट पहिचान गरी कार्यान्वयनमा उपयोग गर्न प्रोत्साहन दिनु ।
- तोकिएका शिक्षा बिकास तथा समन्वय इकाईहरुमा शिक्षक दरबन्दी बितरणको अबस्था र बिद्यार्थी संख्या र बिषयगत आवश्यकताको आधारमा स्थानीय निकायहरुको समन्वयमा मिलान गर्न सकिने सम्भाब्यता सम्बन्धमा इकाईहरुलाई सजक तुल्याउने ।
- अनुगमन गरिएका इकाईहरुमा अन्य इकाईहरुको तुलनामा बढी समस्याहरु आउने गरेको सन्दर्भमा ति इकाईहरुको नियमित दैनिक प्रशासनिक कार्यहरुमा सुधारका लागि आवश्यक सल्लाह सुझावहरु उपलब्ध गराउनु ।

**४. अनुगमनका बिधिहरु**

कार्यक्रम कार्यान्वयनको सम्बन्धमा कार्यक्रम कार्यान्वयनमा जिम्मेवार रहेका पदाधिकारीहरु सँग छलफल गरी अन्तरक्रियाको माध्यमवाट कार्यक्रम कार्यान्वयनको यथार्थ अवस्थाको पहिचान गरी समाधानका उपायहरु पहिल्याउने कोशिस गरिएको , शिक्षा बिकास तथा समन्वय ईकाइमा रहेको अभिलेखहरुको अध्ययन तथा भएका गतिबिधिहरु सम्बन्धमा सरोकारवालाहरु सँग समेत छलफल गरिएको । यसको अतिरिक्त इकाईहरुवाट प्रदान गरिएका सेवा प्रवाहको अबस्था अबलोकन र सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक सुझावहरु प्रदान गरिएको थियो ।

**५. अनुगमनका क्रममा देखिएका यथार्थता**

**क) शिक्षा क्षेत्रमा संलग्न गैर सरकारी क्षेत्र वाट सञ्चालित कार्यक्रमहरुको समन्वय अनुगमन**

अनुगमन गरिएका दुवै जिल्लाहरुमा शिक्षा क्षेत्रमा संलग्न गैर सरकारी संस्थाहरुको पहिचान तथा ति संस्थाहरुले सञ्चालन गरेका कार्यक्रमहरु सम्बन्धमा भएको समन्वयात्मक प्रयास भएका गतिबिधिहरुको पहिचान गरिएको थियो । बारा जिल्लामा शिक्षा क्षेत्रमा संलग्न गैर सरकारी संस्थाहरु त्यति सक्रिय नभएको र समन्वय पनि कम्जोर रहेको शिक्षा बिकास ईकाइ वाट जानकारी प्राप्त भयो । पर्सा जिल्लामा भने आसमान नेपाल , गैर सरकारी संस्था समन्वय

समिति, आर आर एन / सि डि पि जस्ता गैर सरकारी निकायहरु वाट सुशासन सम्बन्धी , भौतिक निर्माण, महिला सचेतना, महिला हिंसा न्युनिकरण र बिद्यालय भर्ना अभियानमा सहयोग भएको जानकारी शिक्षा बिकास तथा समन्वय इकाई  बाट प्राप्त भएको ।

**ख) कार्यक्रम अनुगमन**

**शिक्षा बिकास तथा समन्वय ईकाइ बारा**

- जिल्ला शिक्षा कार्यालय बाराको साबिक भवनमा रहेको यस ईकाइमा बिभिन्न जानकारीमुलक बिबरणहरु प्रदर्शन गरिएको देखियो तर ति बिबरणहरु अद्याबधिक भएको भने  पाईएन साथै कार्यालयको सरसफाईमा पनि कमी  रहेको पाईयो ।
- यस इकाई रहेको भवन कम्पाउण्ड प्रर्याप्त रहेता पनि जमिनको उचित सदुपयोग तथा अफिस कोठाहरुको समुचित उपयोगमा कमी रहेको साथै अफिस फर्निचर लगायतका सामाग्रीहरुको उचित स्याहर सम्भार भएको पाईएन ।
- कक्षा ८ को परीक्षा स्थानिय निकायहरुको सहमति अनुसार यस इकाई बाटै सञ्चालन भएको जानकारी प्राप्त भएको ।
- आर्थिक बर्ष २०७४ /०७५ मा यस ईकाइ मार्फत सञ्चालन हुने भनि तोकिएका बिभिन्न कार्यक्रमहरु लगायत शिक्षक ब्यबस्थापन सम्बधी कार्यहरु समन्वयात्मक रुपमा सम्पादन प्रयास भईरहेको ।
- आवश्यक फर्निचर सहितको २१२ वटा नयाँ कक्षा कोठा र खानेपानी सहितको ४० वटा सौचालय निर्माणको भौतिक सुधार सम्बन्धी कार्यक्रम यस जिल्लामा परेको र कार्यान्वयन भईरहेको ।
- अनुगमनको क्रममा इकाई मार्फत श्री भोजभगत माध्यमिक बिद्यालयमा बितरण भएको ४ कोठे बिद्यालय भवनको स्थलगत अनुगमन गर्दा भवन निर्माण भएको तर प्लाष्टर लगायत अन्य फिनिसिङ सम्बन्धी कार्य बाँकी रहेको देखियो ।
- सामुदायिक अध्ययन केन्द्र ४० मार्फत निरन्तर तथा जीवनोपयोगी शिक्षा कार्यक्रम सञ्चालन तथा ब्यबस्थापन भईरहेको जानकारी प्राप्त भएको ।
- स्थानीय पाठ्यक्रम कार्यान्वयनको सन्दर्भमा महागढिमाई नगर पालिकाले भोजपुरी बिषयको पाठ्यक्रम प्रयोगमा ल्याएको जानकारी प्राप्त भएको ।

- बिषयगत तथा मागको आधारमा शिक्षक दरवन्दी ब्यबस्थापनमा जोड दिईएको , निरन्तर बिद्यार्थी मुल्यङ्कन प्रणाली आसिक रुपमा मात्र प्रयोगमा आएको ।
- यस जिल्लामा बिगतका समय देखिनै जिम्मेवारी तोकिएका पदाधिकारीहरु तथा शिक्षक पेशागत सघ सगठनका पदाधिकारीहरु समेतको सहकार्यमा शिक्षक दरबन्दी मिलान सम्बन्धी प्रयास भएता पनि दरबन्दी मिलान हुन नसकेको ।
- शिक्षा क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरु र यस इकाई बोच उचित समन्वय हुन नसकेको ।
- अभिलेख ब्यबस्थापन सम्बन्धमा कार्यालयमा चाहिने सबै अभिलेखहरु ब्यबस्थित नरहेको , अभिलेखहरुलाई अद्याबधिक गर्नु पर्ने , निर्णय कार्यान्वयन अवस्था सम्बन्धमा जिल्ला शिक्षा समितिको बैठक ४ पटक बसेको , जिल्ला अनौपचारीक शिक्षा समितिको बैठक ३ पटकर दव्न्द पिडित छात्रबृति छनौट मितिको बैठक हालसम्म नबसेको , १ पटक बस्नेतर्खरमा रहेको पाईयो । अभिलेख हरुको उचित ब्यबस्थापनमा कमी देखिएको साथै जिम्मेवार ब्यक्तिले अफिसियल सूचनाहरु आफूमा मात्र सिमित राख्ने प्रबृति देखिएको ।
- हाल शिक्षक सेवा आयोग वाट भएको शिक्षक पदपुर्ति बिज्ञापन अनुसार दरखास्त लिन तथा दरखास्त स्वीकृतको लागि कार्यालयले आवश्यक ब्यबस्था मिलाएको ।
- आर्थिक बर्ष २०७३/०७४ सम्मको जम्मा बेरुजु रु८४ करोड रहेकोमा हाल सम्म फर्छयौट रकम सुन्यरहेको छ ।

**शिक्षा बिकास तथा समन्वय ईकाइ पर्सा**

- यस ईकाइको आफ्नै कार्यालय भवन रहेको , जिल्लाका शैक्षिक सुचक लगायतका बिबरणहरुको ईकाइ प्रमुखको कार्यकक्षमा ब्यबस्थित किसिम वाट प्रदर्शन हुनु पर्नेमा सो बमोजिम भएको भने पाईएन ।
- शिक्षक अभिलेख लगायतका आवश्यक अभिलेखहरु अद्याबधिक रहेको पाईएन । अभिलेख हरुको उचित ब्यबस्थापनमा कमी देखिएको साथै जिम्मेवार ब्यक्तिले अफिसियल सूचनाहरु आफूमा मात्र सिमित राख्ने प्रबृति देखिएको ।
- आर्थिक बर्ष २०७४/०७५ मा यस कार्यालय मार्फत सञ्चालन हुने भनि तोकिएका बिभिन्न कार्यक्रमहरु लगायत शिक्षक ब्यबस्थापन सम्बधी कार्यहरु समन्वयात्मक रुपमा सम्पादन प्रयास भईरहेको ।

- आवश्यक फर्निचर सहितको नयाँ कक्षा कोठा १४८ र खानेपानी सहितको २० वटा सौचालय निर्माणको भौतिक सुधार सम्बन्धी कार्यक्रम यस जिल्लामा परेको र बिद्यालयहरुमा बितरण भई कार्यान्वयन भईरहेको ।
- स्थानीय तहमा स्रोतब्यब्तिहरु खटिएको , शिक्षकहरुको तलव भत्ता स्थानीय तहमार्फत निकाशा भएता पनि अन्य शिक्षक ब्यबस्थापन लगायतका निबृत शिक्षक पेन्सन उपादान सम्बन्धी र अन्य आवश्यक कार्यहरु यथास्थितिमा सञ्चालनमा रहेको । बिगतमा रहेका जिल्ला शिक्षा कार्यालयका काम कार्वाहीमा यस इकाई वाट निरन्तरता पाईरहेको ।
- अभिलेख ब्यबस्थापन सम्बन्धमा कार्यालयमा चाहिने सबै अभिलेखहरु ब्यबस्थित रहेको पाईएन साथै अद्याबधिक पनि हुन नसकेको पाईयो । निर्णय कार्यान्वयन अवस्था सम्बन्धमा जिल्ला शिक्षा समितिको बैठक १ पटक पनि नबसेको , जिल्ला अनौपचारी शिक्षा समितिको बैठक १ पटक बसेको र द्वन्द पिडित छात्रबृति छनौट समितिको बैठक हाल सम्म नबसेको पाईयो।
- जिल्लामा शिक्षक दरबन्दी मिलानको लागि आवश्यक प्रयास भएता पनि सर्वस्वीकार्य सहमति जुटन नसकेको कारण दरबन्दी मिलान हुन नसकेको । बिद्यार्थी संख्या र बिषयगत आवश्यकताको आधारमा बिद्यालयहरुको सहमति अनुसार दरबन्दीहरुमा सरुवा गर्ने तथा अस्थायी पदपुर्ति गर्ने गरिएको ।
- बिगतका समयमा कार्यालय प्रमुख कार्यालयमा नियमित रुपमा कार्यालयमा रहि कार्यालयका समस्याहरुमा उचित निर्देशन तथा समस्या समाधानमा कम तत्परता देखाउने गरेको अबस्था रहेको कारण सेवाग्राही सन्तुष्टिमा कमी रहेको देखिन्छ । अनुगमनका क्रममा बर्तमान कार्यालय प्रमुखले कार्यकक्षमा रहि समस्या समाधानमा प्रयास गरिरहेको देखियो ।
- जिल्लाको बेरुजु फर्छयौट प्रगति सम्बन्धमाअनुगमनको क्रममा यस इकाईम रहेको आर्थिक बर्ष २०७३/०७४ सम्मको कुल जम्मा बेरुजुमा पेस्की बेरुजु २०३२४ हजार , नियमित गर्ने ४१८७३४ हजार र असुल गर्ने ३१३५२ हजार गरी जम्मा ४७०४१० हजार बेरुजु देखिन्छ । बेरुनु फर्छयौट सम्बन्धमा भएको प्रयास न्युन देखिन्छ ।

**६. अनुगमनका क्रममा दिईएका सुझावहरु**

**शिक्षा बिकास तथा समन्वय ईकाइ बारा**

- कार्यालयको रेकर्डको सुरक्षामा ध्यान दिई बिभिन्न बिबरणहरु रहेको अभिलेखलाई सुरक्षित राख्न्न जोड दिने साथै अभिलेखहरु अद्याबधिक गरी बिभिन्न निकायहरुवाट माग भएका बखत समयमा नै उपलब्ध गराउने ।
- स्थानीय निकायहरु सँग प्रभावकारी  समन्वय गरी शिक्षा बिकास सम्त्रन्धी कार्य प्रभावकारी किसिमवाट सम्पन्न गर्न जोड दिने ।
- जिल्लाको बेरुजुको अवस्था उच्च रहेकोले बेरुजु फर्छयौटमा जोड दिनु पर्ने देखिन्छ । बेरुनु हुनै नदिने तथा कायम भएका बेरुजुहरुलाई प्रकृति हेरी प्राप्त निर्देशन अनुसार  नियमित गराउने तथा असुल उपरको लागि आवश्यक प्रकृया अघि बढाउने ।
- दरबन्दी मिलानलाई उच्च प्राथमिक्ता दिई बस्तुगत आधारमा दरबन्दी मिलान गरी कार्यान्वयन गराउने ।
- शैक्षिक गुणस्तर अभिबृद्धि सम्बन्धी कार्यमा जोड दिन थप पहल गर्नु पर्ने ।
- शैक्षिक गतिबिधिमा संलग्न गैर सरकारी संस्थाहरुको कार्यक्रमहरुको समन्वय तथा अनुगमनमा जोड दिने ।
- भौतिक निर्माण सम्बन्धी कार्यमा सके सम्म बेरुनु कम गर्ने तर्फ जोड दिई समयमा काम सम्पन्न गर्न जोड दिने ।
- प्राप्त स्रोत साधनहरुको समुचित उपयोगमा जोड दिई स्रोत साधनहरुको दुरुपयोग हुन नदिने ।
- जिल्लागत सूचकलाई ब्यबस्थित किसिमवाट मापन गरी सबैले जानकारी हासिल गर्न सक्ने किसिमवाट ब्यबस्थित गर्न जोड दिने ।
- कार्यक्रमहरुको प्रबोधिकरणमा ब्यापक्ता दिनु आवश्यक छ । संगठनले तोके अनुसारको कार्य जिम्मेवारीको पारदर्शी किसिमवाट बहन गर्न आबश्यक जोड दिनु पर्ने देखिन्छ ।
- कार्यक्रम सञ्चालन गर्न पूर्व योजना तयार गरी योजनाबद्ध किसिमवाट कार्य गर्न कार्ययोजना तयार गरी सो बमोजिम कार्यान्वयनमा जोड दिने ।

**शिक्षा बिकास तथा समन्वय ईकाइ पर्सा**

- कार्यालयका अभिलेखहरु अद्याबधिक गर्ने सम्बन्धमा बिशेष जोड दिनु आवश्यक रहेको ।

- स्थानीय निकायहरु सँगको प्रभावकारी समन्वयमा जोड दिई सेवा प्रबाहमा स्तरीयता कायम राख्न प्रयत्नशील रहने ।
- बेरुजु हुन नदिन तथा कायम भएका बेरुजुहरुलाई प्रकृति हेरी प्राप्त निर्देशन अनुसार नियमित गराउन तथा असुल उपरको लागि आवश्यक प्रकृया अघि बढाउने ।
- कार्यक्रम कार्यान्वयन तयार गरी योजनालाई प्रदर्शन हुने गरी राख्ने ब्यबस्था गर्ने साथै कार्यान्वयन समय तोकि कार्यान्वयनको ब्यबस्थामा जोड दिने ।
- जिल्लाका शैक्षिक सूचकहरु तयार गरी कार्यालय प्रमुखको कार्यकक्षमा प्रदर्शन गर्ने ब्यबस्था मिलाउने ।
- नीति निर्देशनको कार्यान्वयनमा जोड दिने ।
- रेकर्ड ब्यबस्थापनमा ध्यान दिने साथै अधिलेखहरुलाई अध्यावधिक गरी राख्ने साथै जिन्सी सामानहरुको अभिलेख अद्यावधिक गराई पुराना तथा काम नलाग्ने सामानहरुको लिलामी ब्यबस्थाको लागि आवश्यक प्रक्रिया अघिबढाउने ।
- ईकाइको गतिबिधिहरुको प्रकाशन तर्फ जोड दिने ।
- बिद्यालयको पहुँच बाहिर रहेका बालबालिकाहरुको तथ्याङ्क ब्यबस्थापनमा जोड दिने ।
- शिक्षक दरबन्दी मिलान हुन नसकेको अवस्था रहेकोले दरबन्दी मिलानलाई प्राथमिक्ता दिने ।
- कार्यालयका अभिलेखहरु अद्याबधिक गराई माग भएका बिबरणहरु तत्काल उपलब्ध गराउन सक्ने अबस्थाको सिर्जना गर्न आवश्यक बातावरण तयारमा जोड दिने ।
- कार्यालय प्रमुख नियमित रुपमा कार्यालयमा रहि सेवाग्राहीहरुलाई सेवा प्रभावकारी रुपमा उपलब्ध गराउन जोड दिने ।

**७. निष्कर्ष**

बर्तमान समयमा कार्यक्रम कार्यान्वयनको लागि स्थापना भएका जिल्ला शिक्षा कार्यालयहरु जिल्ला प्रशासन कार्यालयको शिक्षा बिकास तथा समन्वय ईकाइमा रुपान्तरण भईसकेका छन । स्थानिय निकायहरुले सम्बैधानिक ब्यबस्था अनुसार प्राप्त आधारभुत तथा माध्यमिक शिक्षा सम्बन्धि अधिकारहरुको उपयोग गर्न आवश्यक समन्वयको भुमिका उल्लेखित ईकाइहरु मार्फत हुने ब्यबस्था भएको छ । यस आर्थिक बर्ष २०७४ /०७५ का बिभिन्न कार्यक्रमहरु जिल्ला शिक्षा कार्यालय मार्फत सञ्चालन हँदै आईरहेको परिपेक्षमा सो कार्यक्रमहरु सञ्चालनको निरन्तरता

शिक्षा बिकास तथा समन्वय ईकाइ मार्फत हुने भएकोले अनुगमन सम्बन्धी कार्यहरुमा समेत निरन्तरता कायम गर्नु पर्ने अवस्था रहेको छ । भबिश्यमा हुने नीतिगत तथा कानुनी ब्यबस्था बाट कार्यान्वयन सयन्त्रको भुमिका एकिन हुने भएकोले सोहि अनुसारको अनुगमन सयन्त्र बिकास हुने नै छ । कार्यक्रममा प्रभावकारीता हासिल गरी तोकिए अनुसारको स्तरीयता कायम गर्नमा भने अनुगमन कार्यको भुमिका सार्थक रहन्छ ।

अनुगमनकर्ता
प्रेमराज खरेल  उप सचिव
कार्यक्रम अनुगमन समन्वय शाखा
शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालय

अनुसुची

१. एकिकृत जिल्ला अनुगमन फारम २०७४ बारा तथा पर्सा जिल्ला
२. अनुगमनको क्रममा दिईएको सुझावहरु संलग्न अनुगमन पुस्तिकाको प्रतिलिपि
३. भ्रमण आदेशको प्रतिलिपी
४. अनुगमन गरिएको सम्बन्धमा सम्बन्धित जिल्लाहरु वाट प्रमाणित गरेको पत्र
५. शिक्षा बिकास तथा समन्वय ईकाइ बारा र पर्साको बेरुजु फर्छ्यौट अनुगमन फारम